# के.आई.सिंह गाउँपालिका

# वायल, डोटी

तेस्रो गाउँसभामा गाउँपालिका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्यूद्वारा प्रस्तुत आ.ब. २०७५।०७६ को निति तथा कार्यक्रम

## मितिः २०७५/०३/३२

**सम्मानीय गाउँसभाका सदस्य  महोदयहरु,**

दुई दशक सम्मको जनप्रतिनिधी बिहीन अवस्था पछि नया संबिधानको कार्यान्वयन संगै जनप्रतिनीधीहरुले स्थानिय सरकारको बागडोर सम्हालेको एक बर्ष बितेको छ । एक बर्षकै अवधिमा हामीले थुप्रै अनुभवहरु संगाल्ने अवसर मिलेको छ । बिभिन्न राजनैतिक परिवर्तनसंगै बिसम परिस्थिती र चुनौतीहरुको सामना हामीले गर्दै आएका छौं । स्थानिय समुदायका असिमित चाहनाहरुबिच स्थानिय सवालहरुलाई समेट्नुपर्ने दायित्व हामीमाथि आएको छ ।

केआईसिंह गाउपालिकाको आगामी आर्थिक बर्ष ०७५/०७६ को निती तथा कार्यक्रम पेश गर्न गइरहेको छु । स्थानिय तह संचालन ऐन , नेपाल सरकार, प्रदेश सरकारबाट बिभिन्न मितिमा जारी भएका तथा केआईसिंह गाउपालिकाले जारी गरेका निति नियम, ऐन , कार्यबिधीहरुको अधिनमा रही निती तथा कार्यक्रमहरु तय गरिएको छ ।

## आर्थिक विकास सम्बन्धि निति तथा कार्यक्रमहरु :

### क) कृषि :

दिर्घकालिन रुपमा गाउपालिकाको समृद्धिका लागि केआईसिंह गाउपालिकाले कृषि क्षेत्रलाई मुख्य प्राथमिकता दिएको छ । कृषिमा आधुनिकरण भित्राउदै सामुहिक वा एकल रुपमा हरेक किसानलाई आत्मनिर्भर बनाउन कृषिको ब्यावसायीकरण, बैज्ञानिकरण तथा बिबिधीकरण गरिनेछ । आवश्यकताका आधारमा कृषि निती तथा योजना बनाई कार्यान्वयन गरिने छ ।

- ‘कृषि, पशुपालन र फलफूल खेती, केआईसिंहको आर्थिक समृद्धिलाई मूल मर्मका रुपमा लिएर गाउपालिकाको आर्थिक समृद्धिको आधारस्तम्भ खडा गरिने छ । त्यसका लागि पकेट क्षेत्र घोषणा गर्ने, अगुवा किसान तथा समुह छनोट गरि कृषिमा नमुना गाउपालिका बनाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ । आर्थिक समृद्धिलाई आफ्नो गहन लक्ष्यको रुपमा आत्मसाथ गरेको छ । आर्थिक सूचकांकहरुलाई सुदुढ तुल्याउन स्थानियस्तरमा पहिचान भएका बिषयगत क्षेत्रका आधारमा समानुपातिक वितरणमा जोड दिइनेछ । अनुदान निती तथा कार्यबिधी बनाई किसानहरुको आवश्यकताको पहिचान गरि क्षमता बिकास, पुजी लगानी, बजारीकरणका सवालमा अनुदान दिइने छ ।
- ‘गाउँगाउँमा सहकारी घरघरमा रोजगारी ’ मुल नाराका साथ स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाको क्षमता विकास गर्नुका साथै विकासमा सहकारी संगको साझेदारी सहकार्यमा जोड दिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र रहेको सार्वजनिक तथा निजी बाँझो भूमिको ब्यवस्थापनका लागि कृषि उत्पादन, फलफूल उत्पादनलाई ध्यानमा राखि भौतिक संरचनाहरुको निर्माण गर्दा दिर्घकालिन प्रभावमा बिशेष ध्यान दिइनेछ ।
- किसानले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणको सुनिश्चतताका लागि वडातहमा सहकारीमार्फत संकलन केन्द्र स्थापना गरिनेछ । आवश्यकताको पहिचान गरि बेमौषमी तरकारी तथा फलफूलको ब्यवस्थापनका लागि कोल्ड स्टोरको सम्भाब्यता अध्ययन गरिनेछ ।
- पशुपालनलाई व्यावसायिक तर्फ उन्मुख गराउन गाउपालिका तहमा एक दुग्ध उद्योग तथा संकलन केन्द्र स्थापना गर्न पहल गरिने छ ।

- **'जल , जमिन र जवानी , केआईसिंह समृद्ध सुखद बिहानी'** भन्ने परिकल्पनाका साथ युवाहरुको परिचालन तथा प्राकृतिक स्रोतको सदुपयोगका लागि कृषिको क्षेत्रको बिकासका लागि गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ ।
- कृषि क्षेत्रमा युवाहरुलाई आर्कषित गर्न उनीहरुलाई बिभिन्न उपाधीबाट पुरस्कृत गर्ने, सम्मान गर्ने तथा हौसला बढाउने खालका प्रेरणामूलक कार्यक्रम संचालन गरिनेछन् ।
- किसानले उत्पादन गरेका बस्तुको बजारीकरण गर्दा बिचौलियालाई निरुत्साहित गर्न कडा कदम चालिनेछ । किसानको हितलाई प्रधानता दिएर बजारीकरणमा गाउपालिकाले निती बनाउनेछ ।
- कालो वजारी नियन्त्रण गर्न उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धि जनचेतना अभिवृद्धि गराउने, र नियमित वजार अनुगमन र नियमन प्रणलीको विकास गरिनेछ ।
- गाउँपालिका भित्र हावापानी र माटो परीक्षण गराई पर्यावरणीय अनुकुलका फलफुलका विरुवा वितरणको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- गाउपालिकाले फलफूल तथा जडीबुटी बोटबिरुवाको लागि केआईसिंह नर्सरी उद्योग स्थापनाका लागि पहल गर्नेछ ।
- अर्गानिक कृषि खेतीलाई ध्यानमा दिई कार्यक्रमहरु निर्धारण गरिनेछ ।

**ख) उद्योग तथा बाणिज्य :**

- गाउपालिकाभित्र रहेका ब्यापार ब्यवसायीलाई करको दायरामा ल्याईने छ । युवाहरुको रोजगारी सृजनाको बाताबरण बनाउन पहल गरिनेछ ।
- गाउपालिकाभित्र उद्योग, कारखाना तथा पर्यटन प्रबर्धन गर्न चाहने लगानीकर्ताहरुलाई प्रोत्साहन गर्न बिशेष निती लागु गरी केही बर्षका लागि करहरुमा छुट दिइने छ ।
- घरेलु उद्योग स्थापना तथा बजारीकरणका लागि गाउपालिकाबाट सहजीकरण गरिनेछ ।
- परम्परागत पेशाहरुलाई ब्यावसायीकरण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।

**ग) पर्यटन तथा संस्कृति**

- केआईसिंह संग्रहालयको स्थापनाका लागि पहल गरिने छ ।
- केआईसिंह गाउपालिकाभित्र रहेका धार्मिक, सांस्कृतिक, रहनसहन तथा पर्यटन सम्भावना बोकेका क्षेत्रहरुको तस्बिर संकलन गरि पोष्टर बनाई राष्ट्रिय अर्न्तराष्ट्रिय रुपमा प्रचार प्रसार गरिने छ ।
- बिबिधतायुक्त समाज रहेको यस गाउपालिकामा एक वडा एक संस्कृती का रुपमा त्यसको संरक्षण, प्रवर्धन र बिकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउपालिका भित्र रहेका पुरातात्वीक तथा ऐतिहासिक सम्पदा, बस्तु र क्षेत्रको संरक्षणका लागि कार्ययोजना बनाइनेछ ।
- स्थानिय चाडपर्व, मेला, पर्व, दिवसहरुको सर्म्बद्धन, प्रबर्द्धन तथा प्रचारप्रसार गरिनेछ ।

### घ) सहकारी

- गाउपालिका भित्र रहेका सहकारीहरुको स्तरीकरण तथा सबलीकरणका लागि निती अपनाइने छ । निस्कृय रहेका सहकारीहरुलाई मर्ज गरि एक वडा एक सहकारी निति अपनाइने छ ।
- दशै तथा तिहार जस्ता चाडपर्वका बेला मुख्य मुख्य बजारमा सहकारी मार्फत सहुलियत पसलहरु संचालन गरिनेछ ।

### ङ) बित्तिय क्षेत्र

- कृषिलाई प्राथमीकता दिने वित्तीय संस्थाहरुको बिस्तारिकरणका लागि गाउँपालिकाले समन्वय तथा सहजीकरण गरिनेछ ।
- बित्तिय संस्थाहरुलाई कृषि तथा उत्पादनशिल क्षेत्रमा लगानी गर्नका लागि समन्वय गरिनेछ ।
- सार्वजनिक तथा व्यक्तिगत कारोवारहरु बित्तिय संस्थाहरुबाटै गर्न गराउन प्रोत्साहन गरिनेछ ।

## सामाजिक विकास

### शिक्षा

- बिद्यालय क्षेत्र सुधार कार्ययोजनाको पूर्ण कार्यान्वयनका लागि प्रभावकारी अनुगमन संयन्त्र बनाइने छ ।
- आधारभूत तहको शिक्षालाई विशेष सुदृढीकरण गर्दै कक्षा १२ सम्मको शिक्षालाई गुणस्तरीय बनाईनेछ ।
- गाउँपालिका भित्रका अपाङ्गता, दृष्टिविहिन बालबालिकाका लागि बेललिपी साङ्केतिक भाषा मार्फत पठनपाठनको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र कम्तिमा एउटा मा.वि. मा  प्राविधिक शिक्षाको पढाई को व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालय, समुदायस्तरमा वडास्तर र गाउँपालिकास्तरमा बालक्लव गठन लाई नियमित गरि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।
- गरिब, जेहेन्दार र बिपन्न बर्गका बिद्यार्थीहरुको छात्रबृति कार्यकमलाई निरन्तरता दिइनेछ ।
- ई हाजिरीको कार्यान्वयन पक्षको प्रभावकारीताका लागि निर्देशिका बनाइनेछ ।
- शिक्षाको गुणस्तरका लागि बिद्यालयहरुको क्षमता, आवश्यकता र सामर्थ्यका आधारमा अनुदान तथा लगानी गरिनेछ ।
- बिद्यालयहरुको गुणस्तरीय नतिजाका आधारमा प्रोत्साहनको व्यवस्थाका लागि पहल हुनेछ ।

### स्वास्थ्य

- स्वास्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सु सम्बन्धमा आधारित समाजको निर्माणमा जोड दिईनेछ ।
- दुर्गामाण्डौ स्वास्थ्यचौकीबाट यस आवमा नै $M.B.B.S$ डाक्टरको व्यवस्थापन गरी चिकित्सा सेवा सुरुवात गरिनेछ । साथै १५ सैया बरावरको अस्पताल स्थापनका लागि पहल गरिनेछ ।
- वडा नं. १ र ७ मा स्वास्थ्य चौकि स्थापना गरिने छ ।
- दुर्गामाण्डौमा रहेको स्वास्थ्यचौकीमा स्थापना भएको ल्याव सेवालाई निरन्तरता दिनुका साथै थप प्रभावकारी बनाइने छ ।

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा जनताको सरल पहुच सुनिस्चित गरिईनेछ ।
- स्वास्थ्य संस्थामा आई प्रसुती हुने महिलाहरुको सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- हरेक स्वास्थ्य चौकीमा रहेका बर्थिङ सेन्टरको गुणस्तर र सेवा प्रवाहमा अभिवृद्धि गरिनेछ ।
- नवजात शिशु, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- परिवार नियोजन, झाडापखाला, टाइफाइड लगायत सरुवा रोगहरुका साथै नसर्ने रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह आदि जस्ता रोगहरुबारे जनचेतनामूलक कार्यकम वडास्तरमा लगिनेछ ।
- किशोरीहरुमा देखिएको रक्त अल्पतालाई न्युन गर्न बिद्यालय र समुदायबाट आइरन चक्की बितरण गर्ने कार्यकम यसै आवबाट लागु गरिनेछ ।
- बालमैत्री शिक्षा राष्ट्रिय प्रारुपमा उल्लेख भएअनुसार केआईसिंह गाउपालिका वडा नं. ५ स्थित सामुदायिक बिद्यालयमा अध्ययनरत बिद्यार्थीहरुको बर्षमा दुईपटक स्वास्थ्य परिक्षण गर्न सहयोग गरिनेछ । आगामी आर्थिक बर्षमा गाउपालिका भरीका बिद्यालयमा लागु गर्न पहल गरिनेछ ।
- स्वास्थ्य सेवामा प्रेषण प्रकृयालाई सहज बनाउन एम्बुलेनसेवा संचालन गरिने छ ।

**बहुक्षेत्रीय पोषण योजना MSNP**

- यस गाउँपालिकाका महिला, किशोरी रबालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उदेश्यका साथ बहु क्षेत्रीय पोषण योजनालाई प्राथमिकतामका साथ कार्यन्वयन गर्नलाइ यस के.आई.सिंह गाउँपालिका, डोटीले रु पाच लाख रकम समपुरक कोष को व्यवस्था गर्नेछ ।
- नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थमा सुधार ल्याउने उदेश्यलले नेपाल सरकारको प्रागमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस के.आई.सिंह गाउँ पालिका डोटीले उच्च प्राथमिकता राख्ने छ । सोही अनुरुप आ.ब. २०७५।०७६ को लागी नेपाल सरकारबाट प्राप्त हुने बजेट रु १३ लाख ६९ हजार र यस के.आई.सिंह गाउँपालिका, डोटी ले छुट्टयाएको ५ लाखको समपुरक रकम समेतलाई क्षेत्र गत विनियोजन गरी पोषण सुधारको लागी तोकिएको क्रियाकलापमा खर्च गरिने छ ।
- बहु क्षेत्रीय पोषण याजनाले निदृष्ट गरेका उपलब्धी तथा प्रतिफल प्राप्तिको लागी विषयतग शाखा र साझेदार निकायहरु संग मिलेर पोषण लक्षित र सम्बेदनशिल क्रियाकलापहरु सन्चालन गरिनेछ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै खोप कार्यक्रम, बाल मैत्री स्थानीय शासन आदिमा समेत बहु क्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिने छ ।
- गाउँपालिकाको पोषण सम्बन्धी सुचना, तथ्यांकहरुको व्यवस्थापनको कमी भएको कुरालाई महशूस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा के.आई.सिंह गाउँपालिका स्तरीय पोषण पार्श्व चित्र (Nutrition Profile) यसै वर्ष भित्र तयार गरिने छ ।
- पोषण लक्षित अनुगमन तथा मुल्यांकनको प्रारुप सहित स्थानीय योजना तर्जुमा प्रक्रिया र योजनाहरुमा पोषणलाई समाहित गरिनेछ ।
- यस वर्ष बहुक्षेत्रीय पोषण योजनालाई ८० प्रतिशत वडाहरुमा विस्तार गरि कार्यन्वयन गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

- गाउँपालिकाका सम्पुर्ण वडाहरुमा स्वच्छ खानेपानिको लागि व्यवस्था गरिनेछ ।
- पूर्ण सरसफाईयुक्त गाउपालिका घोषणाका लागि आधार तयार गर्न नितीगत ब्यवस्था गरिनेछ ।
- पुराना धारा, नाउलाहरुको संरक्षण गरिनेछ ।
- खानेपानी अभाव भएका क्षेत्रहरुको लागि बैकल्पीक उपाय खोज्न सम्भाब्यता अध्ययन गरि यथाशिघ्र समस्या समाधानका लागि पहल गरिनेछ ।
- पानीका मुहानहरुको रिचार्जका लागि प्रभावकारी योजनाहरु बनाई लागु गरिनेछ ।
- बजारक्षेत्रको सरसफाई ब्यवस्थापनका लागि डम्पीङ्गसाइडको अध्ययन गरिनेछ ।
- गाउँपालिकाका प्रत्येक टोल वस्तीमा स्वस्च्छ खानेपानिको लागि पहल गरिनेछ । जसलाई स्रोतको पहिचान तथा संरक्षण गरी स्रोत अभिलेख तयार पारिनेछ ।

**खेलकुद तथा मनोरञ्जन**

- दीर्घ जीवनका लागि खेलकुदको मान्यतालाई स्वीकार गर्दैखेलकुद बिकासको निती अवलम्बन गरिनेछ ।
- गाउपालिकास्तरीय भलिबल प्रतियोगिता निरन्तता दिइनेछ । महिलाहरुलाई पनि खेलकुद क्षेत्रमा आर्कषण गर्न माग गरिए अनुरुपमा खेलका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।
- खेलकुदको बिकासका लागि खेलकुद बिकास समिति निर्माण गरिनेछ ।
- राष्ट्रिय अन्तराष्ट्रिय स्तरका खेलाडीहरु उत्पादनका लागि प्रोत्साहनमूलक नितीहरु अवलम्बन गरिनेछ ।
- ”एक वडा एक खेल मैदान“ को अवधारणा अनुरुप प्रत्येक वडाहरुमा जग्गा पहिचान गरी खेलकुद विकास पूर्वाधार योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

**लैङ्गिक समानता र समावेशिकरण**

- सार्वजनिक सेवा प्रवाह, बिकास निर्माण, सेवा सुबिधा लगायतका सबै क्षेत्रमा लक्षित बर्गको सम्मानजनक उपस्थिती गराउने निती अवलम्बन गरिनेछ ।
- महिलाहरुको आत्मनिर्भरका लागि बिभिन्न आयमूलक स्वरोजगार, उद्यमशिलता तथा सीप क्षमताको बिकासका लागि पहल गरिनेछ ।
- महिलाहरुको नेतृत्व क्षमता बिकास कार्यकमहरु संचालन गरिनेछ ।
- महिलामाथि हुने बिभेद, घरेलु हिंसालाई सम्बोधन गर्न पीडीत महिला संरक्षण कार्यक्रम लागु गरिनेछ ।
- बालश्रम, बालबिबाह तथा बिभिन्न अन्धबिश्वास रुढीबादी कुरिती न्युनीकरण लागि सचेतनामूलक कार्यकम संचालन गरिनेछ ।
- एकल तथा दलित महिलाको हित प्रवर्धन गर्ने ,सीपविकास र आयआर्जन गर्ने कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ । सामाजिक कुरीतीको रुपमा रहेको बालविवाह, बहुविवाह, रुढीवादी, अन्धविस्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालन मार्फत सचेतीकरण गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको सामाजिक सुरक्षा भत्ताको वितरण सहज तुल्याईनेछ ।
- ज्येष्ठ नागरिक हाम्रा अभिभावक हुन् । तिनले आफ्नो जीवनमा दिएका अतुलीलय योगदानको कदर गर्दै तिनका अनुभवहरुको भरपुर उपयोग गरिने छ । साथै ज्येष्ठ नागरिकको सम्मान कार्यक्रम राखिनेछ ।
- के.आई.सिंह गाउँपालिकाका सम्पूर्ण गाउँवासीको न्यायमा पहुच हुने गरि ब्यवस्था गरिनेछ ।

## पूर्वाधार तथा भौतिक विकास सम्बन्धि निति तथा कार्यक्रमहरु

### क) स्थानिय सडक

- सेती लोकमार्ग सडक निर्माण कार्यलाई गाउपालिका स्तरिय गौरबको योजना तुल्याई निर्माण तथा स्तरोन्नतीमा निरन्तरता दिइनेछ ।
- भौतिक पूर्वाधारको विकास मार्फत गाउँपालिका बासीको जीवन शैलीलाई सरलीकरण तुल्याइनेछ । " हाम्रो सडक हाम्रो सहभागिता स्तरीय सडक ., हाम्रो प्रतिवद्धता" अनुरुप गाउँपालिका क्षेत्र भित्रका सडकलाई नाली ,जाली , हरियाली बनाई स्तरोन्नती गरिनेछ ।
- प्रत्येक वडामा निर्माण भएका सडकहरुको स्तरोन्नतीमा बढी जोड दिइनेछ ।
- टोलबस्तीसम्म सडकसंञ्जाल बिस्तार गरिनेछ ।
- स्तरोन्नती भएका सडकहरुको दुवै छेउमा बृक्षारोपणको ब्यवस्था गरिनेछ ।
- सडक निर्माण गर्दा हरित सडक, बाताबरणमैत्री सडक निर्माण गर्ने निती लिइने छ ।
- १० लाख भन्दा बढी बजेट विनियोजन भएका योजनाहरुलाई टेन्डर प्रक्रियामा लग्न प्राथमिकता दिइनेछ ।
- वातारण र जलवायु अनुकुल पूर्वाधार विकासमा जोड दिईनेछ ।
- वायल- अल्लेवन-लोली हुँदै गणेशकाँडा सडकको थप स्तरोन्नती गर्दै प्रस्तावित क्षेत्र गणेशकाँडा -ओझा खर्क केदार क्षेत्रलाई पर्यटकीय क्षेत्र बनाईनेछ ।
- छत्रेश्वर, पिलेगाडा क्षेत्रलाई बनभोज क्षेत्रका रुपमा प्रचार प्रसार गरि पूर्वाधारहरु बनाइनेछ ।
- देउरडी बागनेटे सडक स्तरोन्नती गरिनेछ ।
- भुमीराजमाण्डौ कपल्लेकी सडक निर्माण गरिनेछ ।

### सिचाई

- सिंचाईका माध्यमबाट कृषिको उत्पादन बढाई स्वरोजगारी सिर्जना गर्न गाउँपालिका भित्र सिचाई आयोजनाहरु सञ्चालन गरिनेछ ।
- बाझो खेत भएका भूराजमाण्डौ, नारी , रानागाउ जस्ता क्षेत्रमा सिचाईका लागि सम्भाब्यता अध्ययन गरिनेछ ।
- सिचाई अहिलेको आवश्यकता भन्ने मर्मलाई आत्मसाथ गरि आवश्यक निती बनाई प्रदेश र संघीय सरकारसंग समन्वय गरिनेछ ।

**भवन तथा शहरी बिकास**

- भवन निर्माण आचारसंहिता  अनुरुप गाउपालिकास्तरीय आचार संहिता निर्माण गरि भवन निर्माण र शहर व्यवस्थापनको निती ल्याइने छ ।
- उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भएपछि दर्घिकालीन सम्म आयोजनाको सञ्चालनका लागि, व्यवस्थापन र मर्मत सम्भारका लागि वडा स्तरमा मर्मत सम्भार कोष खडा गरिनेछ । जसको परिचालन निर्देशिका बनाई लागु गरिनेछ ।
- .विकासका दृष्टिले पछाडी परेका गाउँपालिकाका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलन, वातावरण अनुकुल गुणस्तरीय र दिगो रुपमा भौतिक पूर्वाधारको विकास गरिनेछ ।
- वडा कार्यालयको भवन नभएका वडामा भूगोल र जनसंख्याको आधारमा वडाको केन्द्र निर्माण गरि वडा कार्यालयको लागि वजेट विनियोजन गरिनेछ । जसका लागि निःशुल्क जग्गादाता सामुदायलाई प्राथमिकता दिइनेछ ।
- ब्यवस्थीत बसोबासका लागि निती बनाइने छ ।
- भूमिनागरिकहरुकाके पहिचान गरी उनीहरुको पुर्नस्थापनाका लागि पहल गरिनेछ ।

**उर्जा तथा लघु जलबिधुत**

- समुदाय संग सहकार्य गरी गाउँपालिका प्रत्येक टोल वस्तीमा वत्ति पुऱ्याई उज्यालो गाउँपालिका मार्फत जीवनशैलीमा परिवर्तन ल्याईनेछ ।
- लघु जलबिद्युतको सम्भाब्यता अध्ययन गरी गाउपालिकाकै लगानीमा लघु उर्जा उत्पादनको लागि अवसरको खोजी गरिनेछ ।

**संञ्चार**

- ल्याण्डलाईन टेलिफोन बिस्तारका लागि पहल गरिनेछ । सबै वडा कार्यालय, माध्यामिक तहको बिद्यालय र स्वास्थ्य संस्थामा इन्टरनेट जडानका लागि प्रयास गरिनेछ ।
- गाउपालिकाको आफ्नै वेभसाइटलाई थप प्रभावकारी बनाइनेछ ।
- नागरिकहरुको सूचनामा पहुच पुराउन पत्रपत्रिका र एफएमहरुको बिकासका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- पत्रकारहरुको क्षमता अभिबृद्धि संगै स्थानियस्तरमा पत्रकारहरुको उत्पादनका लागि बाताबरण तयार गरिने छ ।

**<u>बन ,वातावरण तथा विपत व्यवस्थापन</u>**

- वतावरण छ र पो हामी छौ भन्ने मर्मलाई आत्मीकरण गर्दै यसको संरक्षण र सम्वर्धनमा जोड दिन वातावरण मैत्री क्रियाकलापहरु सञ्चालन गरिनेछ ।
- .पर्यावरणीय समुन्नत कायम गर्न वृक्ष उत्पादन वृक्षरोपण र वन संरक्षण कार्यलाई उच्च प्राथमिकता दिईनेछ । यसका लागि जनसहभागितालाई जोड दिइनेछ ।
- जलवायु परिवर्तन अनुकुलका विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पानीका मुहानहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

- फोहरमैला व्यवस्थापनका लागि फोहोर मैला उत्पादनमा कमी गर्ने, पुनः प्रयोग गर्ने तथा प्रशोधन गर्ने ($Reduce,\ Reuse,\ Recycle - 3R$) निति अवलम्वन गरिनेछ ।
- ६. एक घर एक खाडल एक पसल एक डस्टविन को अवधारणा अवलम्वन गरि गाउँपाालिकाका भित्रका वस्ती तथा वजारमा सरसफाई व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र *Dumping Site* को उचित स्थान पहिचान र व्यवस्थापन गरिनेछ ।
- हरित के.आई.सिंह गाउँपालिका भन्ने अवधारणा लागु गरिनेछ ।
- गाउँपालिका तथा वडाहरुमा विपद व्यवस्थापन कोषको रकमलाई वृद्धि गरी विपद राहत गरी अभिभावकको भूमिका निर्वाह गरिनेछ साथै बिपत क्षती क मगर्न बिरोधात्मक उपायहरुको लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय विपद व्यवस्थापन समितिको गठन गरी विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनीकरणको तयारी कार्य गरिनेछ । विपद न्यूनीकरणका लागि पूर्व सुचना प्रणाली सम्बन्धि कार्यक्रम तर्जुमा र कार्यन्वयन गरिनेछ ।

**सुशासन प्रवर्द्धन तथा संस्थागत विकास सेवा सम्बन्धि निति तथा कार्यक्रम :**

- के.आई.सिंह गाउँपलिकामा भष्ट्राचार शुन्य सहनशीलताको नीति लिइनेछ । भष्ट्राचारको गन्ध समाजमा आउन दिइने छैन् । पारदर्शि , जवाफदेहिताको वातावरण सृजना गर्न कार्यबिधी बनाई सामाजिक जवाफदेहिताका औजारहरुको अवलम्बन गरिनेछ ।
- . गाउँपालिाकाको वित्तिय कारोवारलाई कम्प्युटरकृत गरी थप व्यवस्थित गरिनेछ ।
- के.आई.सिंह गाउँपालिकालाई आवश्यक पर्ने उपकरण, स्टेशनरी सामानहरु खरिद गर्दा गुणस्तरीय चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी उत्पादनलाई प्राथमिकता दिईनेछ । कार्यालयमा भएका साधन उपकरणको वेलैमा नियमित मर्मत सम्भार गर्ने, अधिकतम पहिचान गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग निति ल्याइनेछ ।
- कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन, उपकरण, फर्निचरहरु लगायका जिन्सी सामानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिम सञ्चालन गरी उच्चकोटीको प्रविधि अवलम्वन गर्ने निति लिइनेछ ।
- गाउँपालिका अन्तरगतका सम्पूर्ण कार्यालयहरुमा विद्युतीय हाजीरीलाई पूर्ण रुपमा कार्यान्वयनलाई सुशासन, पारदर्शिता र जवाफदेयिता प्रवर्द्धनमा थप प्रभावकारीता ल्याइनेछ ।
- गाउँपालिकाका प्रत्येक कार्यालयमा क्षतिपूर्ति सहितको नागरिक वडा पत्र व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।
- प्रचलित कानुन वमोजिम वडा कार्यालयबाट सम्पादन गरिने सबै किसिमका सेवाहरुलाई विकेन्द्रीकरण सेवा संचालन गर्ने र प्रभावकारी व्यवहारिक बनाइनेछ ।

**अन्तमा ,**

यस निती तथा कार्यक्रमबाट केआईसिंह गाउपालिकाको आर्थिक समृद्धिमा सुधार आउने अपेक्षा गरेकोछु । प्रस्तुत निती तथा कार्यक्रम बनाउन सहयोग गर्नुहुने गाउपालिकाका उपाध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउ कार्यपालिका सदस्य ज्यूहरु, गाउसभाका सदस्य ज्यूहरु, गाउपालिकाका कर्मचारी साथीहरु, बिभिन्न संघसंस्थाका प्रतिनिधी, पत्रकार, नागरिक समाज लगायत सबैलाई हार्दिक धन्यबाद दिन चाहन्छु । यस निती तथा कार्यक्रम माथि रचनात्मक सुझाव सल्लाह दिनुहुनेछ भन्ने आशा गरेको छु । यस निति तथा कार्यक्रम कार्यान्वयनका लागि सबैले आ आफ्नो ठाउबाट सक्दो सहयोग गर्न गर्नु हुनेछ भन्ने अपेक्षा राखेको छु ।

धन्यबाद ।

मितिः २०७५।०३।३२

**अध्यक्ष**

लोकेन्द्र बहादुर शाही

के.आई. सिंह गाउँपालिका,

वयल, डोटी